मूख्य विषय : मार्चको हाई बाइबलले सुसमाचारको पुस्तकको येशूको कथाबारे सुनाउँछ । येशूले चेलाहरुलाई बोलाउनुभएर प्रार्थनाबारे सिकाउनुभयो । र छिमेकीबारे सिकाउनुभयो । हामीसँग सँगै हुनुहुने येशू, प्रभुको प्रार्थनाको विषयबारे सिकाउनुहुने येशू, परमेश्वरलाई भेट्दा कस्तो ह्रदयले भेट्नुपर्छ ? भन्नेबारे सिकाउनुहुने येशू हुनुहुन्छ । सुसमाचारको पुस्तकको वचनहरु धेरै सुनेपनि त्यो विषयले सधै हामीलाई नयाँ शिक्षा दिने भएकोले मार्चको १ महिनाको समयसम्म पनि हामीसँग बोल्नुभएर सँगै हुनुहुने येशूसँग सँगै हुन म आशा गर्छु ।

१. E. 339

आजको खण्ड : लूका ५:१-११ पद ।

विषय : पत्रुसलाई बोलाउनुभएको येशू ।

विचार गरौं ।

① येशूले पत्रुसलाई कहाँ गएर जाल हान भनेर भन्नुभयो ?

② पत्रुसले किन आफू पापी हुँ भनेर भन्नुभयो ?

③ घुँडा टेकेको पत्रुसलाई येशूले के भन्नुभयो ?

क्रियाकलाप गरौं ।
माछा मार्नु ।
उदेश्य : “माछा मार्ने येशू” लाई बनाएर खेल खेल्नुहोस् ।
तयार गर्ने सामाग्री : कागजको कप, रङ्गिन पेन्सिल, चप स्टिक, धागो, बाक्लो कागज, क्लिप, कैची, टेप ।

① सन्दर्भ. E. 339 हेरेर “माछा मर्नुहुने येशू” लाई बनाउनुहोस् । बालबालिकाहरुले कागजको कपमा येशूको अनुहारको चित्र बनाउनुहोस् ।

② बाक्लो कागजमा माछा बनाएर काट्नुहोस् । तौल थप्नको निम्ति माछामा क्लिप टाँस्नुहोस् ।

③ धागोले माछा र कागजको कप जोड्नुहोस् । चप स्टिक कागजको कपमा बाँधेर हातले समात्न सक्ने बनाउनुहोस् ।
④ चप स्टिकलाई हातले समातेर नाडिले हल्लाएर माछालाई हान्नुहोस् । र माछालाई कागजको कपभित्र पसाउँदा सफल ! (समय सिमा, सङ्ख्या सिमा इत्यादी बनाएर एक्लै अथवा समूहमा खेल खेल्नुहोस् ।)

## २. E. 340

आजको खण्ड : मत्ती ६:५ पद ।

विषय : येशूले सिकाउनुभएको प्रार्थना ।

विचार गरौं ।

① यहूदीहरुले पालन गरेको भक्तको जीवन कस्तो थियो ?
② येशूले सिकाउनुभएको प्रार्थना कुन शब्दद्वारा सुरु भएको छ ?
③ प्रार्थना गर्ने मानिसले आफू मात्र विचार गर्ने कुरा होइन । आफ्नो छेउमा भएको कसलाई विचार गरेर प्रार्थना गर्नुपर्छ ?

क्रियाकलाप गरौं ।
प्रभुको प्रार्थना कण्ठ गर्ने प्रतियोगिता १ ।
उदेश्य : येशूले सिकाउनुभएको प्रार्थना कण्ठ गरेर प्रस्तुत गर्नुहोस् । दुईपटकको समयसम्म सन्चालन गर्नुहोस् ।

① प्रत्येक मण्डलीमा उच्चारण गर्ने प्रभुको प्रार्थना कण्ठ गरेर प्रस्तुत गर्नुहोस् ।
१) प्रत्येक समूहले कण्ठ गर्न सक्छ । (प्रभुको प्रार्थनाको विषय बाँडेर आफूले कण्ठ गर्ने भाग मात्र कण्ठ गर्नुहोस् । समूहले अगाडि आएर पालैपालो प्रभुको प्रार्थना भन्नुहोस् ।)
२) गितमा कण्ठ गर्न सकिन्छ । (प्रभुले सिकाउनुभएको प्रार्थनाको गित छ भने प्रत्येक समूहले नाच तयार गरेर प्रस्तुत गर्नुहोस् ।)

② प्रस्तुति सक्किदा शिक्षकले पुरस्कार दिनुहोस् ।

## ३. E. 341

आजको खण्ड : मत्ती २१:२२-१७ पद ।

विषय : परमेश्वरलाई भेट्न जाँदा ।

विचार गरौं ।

① इस्राएलीहरु चाड हुँदा कहाँ जान्थे ?
② येशू यरुशलेम मन्दिरमा गएर के कारणले अचम्ममा पर्नुभयो ?
③ येशूले परमेश्वरको घर के गर्ने ठाउँ हो भनेर भन्नुभयो ?

क्रियाकलाप गरौं ।
प्रभुको प्रार्थना कण्ठ गर्ने प्रतियोगिता २ ।
उदेश्य : येशूले सिकाउनुभएको प्रार्थना कण्ठ गरेर प्रस्तुत गर्नुहोस् । दुईपटकको समयसम्म सन्चालन गर्नुहोस् ।

① प्रत्येक मण्डलीमा उच्चारण गर्ने प्रभुको प्रार्थना कण्ठ गरेर प्रस्तुत गनुहोस् ।
१) प्रत्येक समूहले कण्ठ गर्न सक्छ । (प्रभुको प्रार्थनाको विषय बाँडेर आफूले कण्ठ गर्ने भाग मात्र कण्ठ गर्नुहोस् । समूहले अगाडि आएर पालैपालो प्रभुको प्रार्थना भन्नुहोस् ।)
२) गितमा कण्ठ गर्न सकिन्छ । (प्रभुले सिकाउनुभएको गित छ भने प्रत्येक समूहले नाच तयार गरेर प्रस्तुत गर्नुहोस् ।)
② प्रस्तुत गर्दा भिडियो खिच्नुहोस् । प्रस्तुति सक्किदा शिक्षकले पुरस्कार दिनुहोस् ।

## ४. E. 342

आजको खण्ड : लूका १०:२५-३७ पद ।
विषय : असल सामरी ।
विचार गरौँ ।

① अनन्त जीवन पाउनको निम्ति के आवश्यक पर्छ ?
② असल सामरीले किन डाँकु भेटेको मानिसलाई सहायता गऱ्यो ?
③ मेरो छिमेकी को हो ?

क्रियाकलाप गरौँ ।
मेरो छिमेकी को हो ?
उदेश्य : खेल खेल्दै हाम्रो छिमेकीबारे विचार गर्नुहोस् ।

① बालक A बाहेक अरु बालबालिकाहरुले गोलो बनाएर बस्नुहोस् ।
② बालक A ले बसेको बालक B लाई यसरी सोध्नुहोस् । "तिमीले तिम्रो छिमेकीलाई प्रेम गर्छौं ?" त्यो समय बालक B ले दुईवटा जवाफ दिन सक्छ ।
१) "गर्छु" भनेर भनेर भन्दा बालक B को दुवैतिर बसेको बालक C, D ले स्थान परिवर्तन गरेर बस्नुहोस् । त्यो समय बालक A ले बालक C अथवा D मध्ये एकजनाको स्थानमा बस्नुहोस् । यदि बालक C बस्न पाउँदैन भने खेलाडी हुन्छ ।
२) "गर्दिन" भनेर भन्दा बालक A ले फेरी यसरी सोध्नुहोस् । "कुन छिमेकीलाई प्रेम गर्छौं ?" बालक B ले यसरी जवाफ दिन सक्छ । (उदाहरण - चस्मा लगाएको मानिस, सेतो लुगा लगाएको मानिस, येशूलाई विश्वास गर्ने मानिस इत्यादी ।) बालक B ले चस्मा लगाएको मानिस हो भनेर जवाफ दिदा बालबालिकाहरुमध्ये चस्मा लगाएको सबै मानिसहरुले स्थान परिवर्तन गरेर बस्नुहोस् । त्यसबेला बालक A खाली स्थानमा गएर बस्नुहोस् । बस्न नपाएको बालक खेलाडी हुन्छ ।